# भाग ४

## श्री ५ को सरकार
## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

अर्थ मन्त्रालयका सचिव श्री ठाकुरनाथ पन्त विश्व बैंक तथा अन्तरराष्ट्रिय मुद्रा कोषको वार्षिक बैठकमा भाग लिन संयुक्त राज्य अमेरिकाको वाशिंगटन डी.सी. तर्फ प्रस्थान गर्नु भएको हुँदा उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री नारायणराज तिवारीलाई मिति २०४६।५।३१ देखि कायम मुकायम मुकरर गरेको छ ।

### सूचना २

पर्यटन मन्त्रालयका सचिव श्री मोहनराज शर्मा क्यानाडाको मन्ट्रियलमा हुने अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन ( I C A O ) को २९ औं महाधिवेशनमा भाग लिन त्यसतर्फ प्रस्थान गर्नु भएको हुँदा उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री राममणि मुडभरीलाई मिति २०४६।६।२ देखि कायम मुकायम मुकरर गरेको छ ।

### सूचना ३

राष्ट्रिय योजना आयोगको सचिवालयका सचिव श्री भुवनेशकुमार प्रधान श्रीलंकाको कोलम्बोमा हुने कोलम्बो योजना परिषद्को बैठकमा भाग लिन त्यसतर्फ प्रस्थान गर्नु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही सचिवालयका अतिरिक्त सचिव श्री हितसिंह श्रेष्ठलाई मिति २०४६।६।६ देखि कायम मुकायम मुकरर गरेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ४

उद्योग मन्त्रालयका का.मु. सचिव श्री पुण्यप्रसाद दाहाल आगामी मार्ग महिनामा काठमाडौंमा आयोजना गरिने लगानी प्रवर्द्धन बैठकको सिलसिलामा कन्ट्रिप्रिजेन्टेशन मिशनको नेतृत्व गरी थाइल्याण्ड, मलेशिया, सिंगापुर र हङकङतर्फ प्रस्थान गर्नु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री जगदीश्वर उपाध्यायलाई मिति २०४६।६।४ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,

रजनीनाथ प्याकुर्याल

श्री ५ को सरकारको अतिरिक्त सचिव

### श्री ५ को सरकार
## गृह मन्त्रालयको
## सूचना १

श्री ५ को सरकारको मिति २०४६।५।२४ को निर्णयानुसार देहायबमोजिमका प्रहरी अधिकृतहरूको अंग्रेजी पदनाम देहायबमोजिम कायम गरिएको छ ।

| क.सं. | पद | |
|---|---|---|
| १. | प्रहरी महानिरीक्षक | Inspector General of Police. |
| २. | प्रहरी अतिरिक्त महानिरीक्षक | Additional Inspector General of Police. |
| ३. | प्रहरी नायब महानिरीक्षक | Deputy Inspector General of Police. |

## सूचना २

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय, दार्चुलाका प्र. जि. अ. श्री देवीप्रसाद ओझा मिति २०४९।५।२० गतेदेखि मन्त्रालयमा काजमा आउनु हुने भएकोले उहाँ काजबाट फर्की कार्यालयमा हाजिर नभएसम्मका लागि उक्त प्र. जि. अ. पदमा नि. से. नि., २०२१ को नियम ८.२ को उपनियम १ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्र. अ. श्री योगराज पाण्डेलाई मिति २०४६।५।१६ को निर्णयानुसार का. मु. मुकरर गरेको छ ।



6280

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय, पर्वतका का.मु.प्र.जि.अ. भुवनेश्वर जोशी मन्त्रालयमा काजमा आउनु हुने भएकोले उहाँले जिल्ला छोडेको मिति देखि काजबाट फर्की कार्यालयमा हाजिर नभएसम्मका लागि उक्त प्र. जि. अ. पदमा नि. से. नि., २०२१ को नियम ८.२ को उपनियम १ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्र. अ. श्री तेजप्रसाद पौडेललाई मिति २०४६।५।२८ को निर्णयानुसार का. मु. मुकरर गरेको छ।

## सूचना ४

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय, तनहुँका का. मु. प्र. जि. अ. श्री दुर्गानारायण पौडेल मिति २०४६।५।७ गतेदेखि मन्त्रालयमा काजमा आउनु हुने भएकोले उहाँ काजबाट फर्की कार्यालयमा हाजिर नभएसम्मका लागि उक्त प्र. जि. अ. पदमा नि. से. नि., २०२१ को नियम ८.२ को उपनियम १ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्र. अ. श्री गुरुप्रसाद सुवेदीलाई मिति २०४६।५।७ को निर्णयानुसार का. मु. मुकरर गरेको छ।

## सूचना ५

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय, कालिकोटका का.मु.प्र.जि.अ. श्री कृष्णप्रसाद पौडेल मिति २०४६।५।२१ देखि बिदामा बस्नु भएकोले उहाँ बिदाबाट फर्की कार्यालयमा हाजिर नभएसम्मका लागि उक्त प्र.जि. अ. पदमा नि.से. नि., २०२१ को दफा ८.२ को उपनियम १ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्र.अ. श्री रामजीप्रसाद बराललाई मिति २०४६।५।२१ देखि नै लागू हुने गरी मिति २०४६।५।२१ को निर्णयानुसार का. मु. मुकरर गरेको छ।

## सूचना ६

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय, सप्तरीका का.मु. प्र.जि. अ. श्री प्रेमकुमार वान्तवा मिति २०४६।५।२१ गतेदेखि घर बिदामा बस्नु भएकोले उहाँ बिदाबाट फर्की कार्यालयमा हाजिर नभएसम्मका लागि उक्त प्र. जि.अ.पदमा नि.से.नि., २०२१ को नियम ८.२ को उपनियम १ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका वरिष्ठ प्रशासकीय अधिकृत श्री दयाराम शर्मालाई मिति २०४६।५।२१ देखि नै लागू हुने गरी मिति २०४६।५।१५ को निर्णयानुसार का. मु. मुकरर गरेको छ।



४२८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ७

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय, संखुवासभाका प्र.जि.अ. श्री वैद्यनाथ मल्लिक मिति २०४६।४।३२ देखि २०४६।५।५ गतेसम्म भैपरी आउने बिदामा बस्नु भएकोले उहाँ बिदाबाट फर्की कार्यालयमा हाजिर नभएसम्मका लागि उक्त प्र.जि.अ. पदमा नि.से.नि., २०२१ को नियम ८.२ को उपनियम १ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्र.अ. श्री महेन्द्रलाल श्रेष्ठलाई मिति २०४६।४।३२ गतेदेखि लागू हुने गरी मिति २०४६।५।१ को निर्णयानुसार का.मु. मुकरर गरेको छ ।

## सूचना ८

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोकका प्र.जि.अ. श्री मोहनप्रसाद ढकाल मिति २०४६।५।२० देखि घर बिदामा बस्नु भएकोले उहाँ बिदाबाट फर्की कार्यालयमा हाजिर नहुन्जेलसम्मको लागि उक्त प्र.जि.अ. पदमा नि.से.नि., २०२१ को नियम ८.२ को उपनियम १ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्र.अ. श्री उद्धवबहादुर थापालाई मिति २०४६।५।२८ को निर्णयानुसार का.मु. मुकरर गरेको छ।

## सूचना ९

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय, भोजपुरका प्र.जि.अ. श्री नरपति सिंह मिति २०४६।६।२ गतेदेखि घर बिदामा बस्नु भएकोले उहाँ बिदाबाट फर्की कार्यालयमा हाजिर नभएसम्मको लागि उक्त प्र.जि.अ. पदमा नि.से.नि., २०२१ को नियम ८.२ को उपनियम १ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्र.अ. श्री दिनानाथ दाहाललाई मिति २०४६।५।२८ को निर्णयानुसार का.मु. मुकरर गरेको छ।

## सूचना १०

श्री ५ को सरकारको मिति २०४६।५।९ को निर्णयानुसार श्री बुद्धिराज घिमिरेलाई गृ.मं. को रा.प.तृ. श्रेणीको शा.अ. पदबाट शाखा अधिकृत सीमा प्रशासन शाखा, सिदिवास, गोरखामा पदस्थापन गरेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।